# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बडाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्याः २०८१/८२
~~चलानी~~ नम्बरः १२
सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०८/०६**

## व्यावसायिक तरकारी पवर्द्धन कार्यक्रम संचालन सम्बन्धी सूचना!

लुङ्ग्री गाउँपालिका, कृषि शाखा रोल्पाबाट आ.ब.२०८१/०८२ मा लुम्बिनी प्रदेश सरकारबाट सशर्त वित्तीय हस्तान्तरित व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रम संचालन गर्नु पर्ने भएकोले यस गाउँपालिका भित्रका तरकारी उत्पादन हुने क्षेत्रका इच्छुक कृषक समूह/कृषि सहकारी तथा कृषि फर्महरुले यो सूचना प्रकाशित मितिले १५ दिन भित्र आवेदन गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्नुहुन यसै सूचना अनुसार जानकारी गराइन्छ।

**व्यावसायिक तरकारी पवर्द्धन कार्यक्रम संचालनको न्यूनतम मापदण्डहरुः**

| क्र.सं. | कार्यक्रम | न्यूनतम मापदण्ड | अनुदान सिमा | कैफियत |
|---|---|---|---|---|
| १ | व्यावसायिक तरकारी पवर्द्धन कार्यक्रम | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने<br>• कम्तीमा १ हेक्टर क्षेत्रफलमा तरकारी खेत गर्नु पर्ने<br>• कार्ययोजनामा बीउ र बिरुवा खरिद क्रियाकलाप अनिवार्य समावेश गर्नु पर्ने | • बीउ, बेर्ना तथा बिरुवा, यन्त्र, उपकरण तथा उत्पादन सामाग्री र निजी पूर्वाधार निर्माणमा अधिकतम ५० प्रतिशत,<br>• सामुहिक पूर्वाधार निर्माणमा अधिकतम ७५ प्रतिशत<br>• प्रति हेक्टर अधिकतम अनुदान रकम रु १ लाख | |

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः**

१. कृषक/फर्म/कृषक समूह/कृषि सहकारी दर्ता प्रमाणपत्रको प्रतिलिपि नियम अनुसार नविकरण भएको।
२. व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रम माग सम्बन्धी संस्थागत निर्णयको प्रतिलिपि।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
४. सहकारी तथा फर्मको हकमा लेखा परीक्षणको प्रतिवेदन तथा कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि।
५. अध्यक्ष/प्रोपाइटरको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
६. जग्गा धनी लालपुर्जाको प्रतिलिपि।

*विस्तृत जानकारीको लागि लुङ्ग्री गाउँपालिकाको कृषि विकास शाखा रोल्पामा सम्पर्क राखुहोला। सम्पर्क नं.९८४७५४८३०७, ९८६३१३७८६५*

..........................
चक्र बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत